PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

बबरमहल, काठमाण्डौ

## प्रेस विज्ञप्ति-३९

फोन { ०१-५३३९५६९ / ०१-५३४११७७

### " नाबालिका लाई वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न व्यक्तिहरु पक्राउ"

पीडित नाबालिका जाहेरवाला **परिवर्तित नाम २६ बबरमहल (२८२)** लाई पुर्वी नवलपरासी स्थितको एक रेष्टुरेन्ट तथा जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं.७ चावहिलमा रहेको फ्रेण्डसिप ब्यूटी एण्ड स्पामा ललाई फकाई विभिन्न किसिमको प्रलोभनमा पारी यौन गतिविधिमा लगाउने गरेको भन्ने सूचनाका आधारमा यस मानव बेचबिखन अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी टोलिले उक्त कार्यमा संलग्न पुजा लोवा लाई जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं.७ चावहिल तथा पुजा मगर भन्ने ओम कुमारी पुनलाई जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं.३० ज्ञानेश्वरबाट मिति २०८१/०१/०२ गतेका दिन पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार मुद्दामा** सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन **५ (पाँच)** को म्याद थप अनुमती लिई आवश्यक अनुसन्धान भईरहेको ।

**पक्राउ अभियुक्तहरु**

१) जिल्ला झापा साबिक कुमरखोद गा.बि.स.वडा नं.१ हाल परिवर्तित झापा गाउँपालिका वडा नं.१ स्थायी वतन भई हाल का.जि.का.म.न.पा.वडा नं.७ चावहिलमा फ्रेण्डसिप ब्यूटी एण्ड स्पा संचालन गरी बस्ने अन्दाजी बर्ष ३४ की पुजा लोवा ।

२) जिल्ला चितवन बिरेन्द्रनगर गा.बि.स.वडा नं.१ स्थायी वतन भई हाल का.जि.का.म.न.पा.वडा नं.७ गंगाहिटी बस्ने बर्ष ४३ की पुजा मगर भन्ने ओम कुमारी पुन ।

**अभियुक्तको फोटो**



**पुजा लोवा**

**अभियुक्तको फोटो**



**पुजा मगर भन्ने ओम कुमारी पुन**

## अनुसन्धानबाट खुल्न आएको:-

- अभियुक्तहरुले आर्थिक अवस्था कमजोर भएकी नाबालिकालाई रेष्टुरेन्ट तथा स्पा लगाएतका स्थानहरुमा आकर्षक तलब सुविधा हुने काममा लगाईदिने प्रलोभन दिएको,
- शुरुमा नाबालिकालाई वेटरको काममा लगाईदिने भनि अभियुक्त मध्येकि ओम कुमारी पुनले पुर्वी नवलपरासी स्थितको एक रेष्टुरेन्टमा पठाई रेष्टुरेन्ट सञ्चालक द्वारा ललाई फकाई तथा धाक धम्की दिई वेश्यावृत्तिमा लगाएको,
- तत्पश्चात निज नाबालिका लाई जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं.७ चावहिलमा रहेको फ्रेण्डसिप ब्यूटी एण्ड स्पामा नवलपरासीबाट ल्याई काममा लगाएको,
- उक्त स्पा संचालक पुजा लोवाले नाबालिका लाई विभिन्न प्रलोभनमा पारी जवरजस्ती ग्राहकहरु सँग शारीरिक सम्पर्क राख्न लगाई वेश्यावृत्तीमा लगाएको,
- अभियुक्त मध्येकि ओम कुमारी पुनले निज नाबालिकालाई रातीको समयमा ग्राहकहरुको अनुरोधमा विभिन्न होटल तथा गेष्ट हाउसहरुमा पठाओ प्रयोग गरि पठाई वेश्यावृत्तिमा लगाउने गरेको,
- अभियुक्तहरुले पीडित नाबालिकालाई वेश्यावृत्तिमा लगाई सीमित रकम मात्र दिई बाँकि रकम आफैले राख्ने गरेको खुल्न आएको,
- नाबालिकालाई जवरजस्ती वेश्यावृत्तिमा लगाएको भन्ने गोप्य सूचनाको आधारमा यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले पीडित बालिकालाई उद्दार गरी हाल सुरक्षित आवासमा राखीएको,
- उल्लेखित घटनामा संलग्न अन्य अभियुक्तहरुको खोजतलास तथा थप अनुसन्धान कार्य जारी रहेको।

मिति २०८१/०१/०३ गते।

प्रहरी उपरीक्षक
(गौतम मिश्र)
सम्पर्क नं.- ९८५१२८११६०